जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ०४, २०८१ साउन ३१ गते विहीबार,15 Aug. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-

राजस्व घटाउन विशेष नगरसभा माग

○ सहीखबर संवाददाता

मकवानपुर। कर वृद्धिको विषयलाई लिएर हेटौंडा उपमहानगर पालिकाको बहुमत नगरसभा सदस्यले विशेष नगरसभा बोलाउन माग गरेका छन् ।

नेकपा एमालेबाट निर्वाचित ९ जना वडा अध्यक्ष, ८ जना कार्यपालिका सदस्य र ३१ जना नगरसभा सदस्य गरी ४८ जना (बहुमत) नगरसभा सदस्यले नगर प्रमुख मीनाकुमारी लामासँग विशेष नगरसभा बोलाउन माग गरेका हुन् ।

उनीहरुले उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतममार्फत मियर लामासँग बुधबार यस्तो माग गरेका हुन् । हेटौंडा उपमहानगरपालिकाका कुल ९४ जना नगरसभा सदस्यमध्ये एमालेकै ५४ जना छन् । जसमध्ये ४८ जनाले विशेष नगरसभा बोलाउने सम्बन्धीको माग पत्रमा हस्ताक्षर गरेका छन् ।

नगर प्रमुख लामा काठमाडौंमा रहेको र उपमेयर राजेश बानियाँसमेत कार्यालयमा नभएको कारण उनीहरुले प्रमुख प्रशासकीय अधिकृत गौतममार्फत लामा समक्ष विशेष नगरसभा बोलाउन माग गरेका हुन् ।

२०७४ यता हेटौंडामा पहिलो पटक विशेष नगरसभा सदस्य बोलाउन माग भएको छ । नेपालको संविधानको धारा २२२ देखि २२७, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा ३, बागमती प्रदेशको गाउँ, नगर, जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन २०७५ को दफा ३ उपदफा ३ र दफा २३ को (ग), (घ), (ञ) र (ट) तथा उपमहानगरको नगरसभा सञ्चालन कार्यविधि २०७४ को दफा ३ बमोजिम विशेष नगरसभा बैठक बोलाउन माग गरिएको पत्रमा उल्लेख छ ।

कर वृद्धिको विरोधमा विगत १० दिनदेखि मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, जिल्ला सहकारी संघलगायतका दुई दर्जन विषयगत व्यवसायिक संघसंस्थाहरु चरणबद्ध आन्दोलनमा छन् । बुधबार बिहान मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा व्यवसायीहरुले उपमहानगरपालिका कार्यालयमा धर्ना दिएका थिए ।

हेटौंडा उपमहानगरपालिका-४ का वडा अध्यक्ष नवीन सिग्देलले अस्वभाविक कर वृद्धि गरिएकाले नगरबासीमा असन्तुष्टि देखा परेको विषयलाई सम्बोधन गर्न आर्थिक ऐनमा व्यवस्था भएको करको दर र दस्तुर संशोधनका लागि विशेष नगरसभा आह्वानको माग गरिएको बताए । उनका अनुसार नगर प्रमुख लामाले १५ दिनभित्र विशेष नगर सभा बोलाउनुपर्ने कानुनी व्यवस्था छ । उनले असार *बाँकी पेज ३ मा*

बागमतीमा निर्मम समिक्षा गर्दै नेकपा एमाले

- "लाभको लोभले एमालेपछि पऱ्यो अब नेता कार्यकर्ताहरू आफूआफूमा सच्चिनुको विकल्प छैन ।"
- "आफूमाथिको जिम्मेवारी सबैले पुरा गर्नोस् ।"
- "पार्टीको मिजन र मिसनबारे प्रचारप्रसार गर्ने र पार्टीलाई समृद्ध बनाउने यात्रामा लागौं ।"

टार्गेट मिसन ८४

○ सरिता दाहाल

मकवानपुर। "अन्यत्रको तुलनामा पार्टी संगठन बागमती प्रदेशमै बलियो छ, तर यहीं किन नमिठो हार हामीले भोग्यौ ?" नेकपा एमाले बागमती प्रदेश कमिटीका इन्चार्ज तथा पार्टी स्थायी कमिटी सदस्य डाक्टर राजन भट्टराईले यो प्रश्न गर्दा नेता कार्यकर्ता एकापसमा हेराहेर मात्रै गरिरहे ।

बागमती प्रदेशको एकमात्र हेटौंडा उपमहानगरपालिकाको मेयर पदमा २०७९ को निर्वाचनमा हार सामना गरेका अनन्त पौडेल सन्मुखमै थिए ।

पार्टीको केन्द्रीय पदाधिकारी, प्रदेश कमिटी अध्यक्ष र जिल्ला कमिटी अध्यक्षहरू समेतको उपस्थिती रहेको कार्यक्रममा प्रदेश इञ्चार्ज भट्टराइले अब पनि आफू मित्रको कमिकमजोरीलाई निर्मम समिक्षा नगरे माथि उठ्न नसकीने भन्दै आफू आफूमै सच्चिएर अघि बढ्न निर्देशन दिए ।

पार्टी केन्द्रीय कमिटीले बागमती प्रदेश इञ्चार्जको



जिम्मेवारी दिएपछि पहिलो पटक हेटौंडा आइपुगेका भट्टराइले एमालेले हार व्यहोर्नुको पछाडी आन्तरिक द्वन्द्व र लाभको लोभको कारण मुख्य रहेको बताए ।

"प्रदेश सरकार एमाले नेतृत्वमा को थियो, प्रदेशको राजधानी एमालेले हेटौंडा बनायो, अनि फेरी हारको सामना एमालेले नै किन गर्नु पऱ्यो ?" उनले प्रश्न गरे । पार्टीले टिकट दिएको व्यक्तिलाई कार्यकर्ताले "मन परेन" भन्न पाइन्छ, आफैं मित्रको इमान्दारीता खै ? उनले भने । "आफ्नै आमाभन्दा पराइको आमा राम्री, भनेर एकैछिनको माया र लोभमा लाग्दा, पराइले गर्ने व्यवहार भोग्नु परेको उनले बताए । मुस्किलले जितेका पालिका अध्यक्ष, वडा अध्यक्ष तथा सदस्यहरूले उच्च मनोबल राखेर कार्यकर्तामाझ जानु पर्ने उनले बताए । अब मिसन ८४ अन्तरगत पार्टी जनस्तरमा पुग्ने र जनभावनाको कदर गर्दै, संगठनलाई बलियो बनाउन तर्फ लाग्नु पर्ने उनको सुझाव थियो।

संगठन विस्तार राम्रो र बलियो भएको पार्टीको नेतृत्वमा कमजोर ठहरिनु भनेको जनताको बिचमा पार्टीको सकारात्मक कामको प्रचारप्रसार पाठो समृद्धि बनाउन नसकिएको उनले बताए । "अब एमालेलाई मिसन ८४ मा पछि पर्ने छुट छैन" उनले भने ।

अबको समयमा पार्टीको आन्तरिक समस्या, सम्बन्धलाई बलियो बनाउदै अघि बढ्नु पर्ने समिक्षा एमालेले गरेको छ । फरकफरक समुदाय, सिकाइ र बुझाईबाट हुर्केकाहरु एकै विचारको कारण एकै ठाउँमा हुंदा कहिले काहीं चित्त बुझाउनु पर्ने अवस्था पनि हुनसक्ने र यस्तो अवस्थालाई सामान्य रूपमा लिने संस्कार पनि एमालेजनमा हुनुपर्ने निर्देशक कार्यकर्तालाई दिइएको छ ।

मिसन २०८४ को लागि ग्रासरूटमा पुग्नको लागि, पार्टी सिस्टम र परिपाटीमा पस्नको लागि उदार भावनाले अघि बढ्नुको विकल्प नै नभएको उनले बताए । राष्ट्रिय राजनीतिमा विगतमा एमालेलाई चौतर्फी घेरबन्दी भएको स्मरण गर्दै डाक्टर भट्टराईले भने "अबको एकता कुनै पनि हालतमा नटुट्ने गरि बलियो बनाउन पर्छ ।"

मुलुकलाई शंकट पर्दा एमाले र नेपाली कांग्रेससंगको सहकार्य ऐतिहासिक रहेको र राष्ट्रको लागि आवश्यक भएको उनले बताए । "जबजब देशलाई शंकट पर्छ, हामी २ पार्टी संगसंगै रहेर पार लगाएका छौ,अहिले पनि यहि भएको हो" उनले भने ।

बागमतीमा एमालेको जितहार ले केन्द्रीय राजनीतिकमा प्रत्येक्ष सरोकार राख्नेछ भएकोलए यहाँ एमालेलाई हार्न छुट नभएको भट्टर ईले निकर्षमा पार्टी पुगेको छ । हिजोको दिनमा को बाट के गल्ती भयो, अब सच्याउदै तर हतोत्साही नहुँदै अघि बढ्नुपर्ने आवश्यकता बोध पार्टीलाई भएको छ ।

कार्यक्रम एमाले बागमती अध्यक्ष कैलाश ढुङ्गेलले पार्टीको योगदान निर्वाचनबाट नदेखिनुमा दु:खद भएको बताए । जिल्ला अध्यक्ष श्रीधर पोखरेको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सभा सदस्यहरुको समेत उपस्थिति रहेको थियो । नेकपा एमाले मकवानपुर जिल्ला कमिटीले आयोजना गरेको कार्यक्रममा अस्थिरता रोक्ने,संविधानको रक्षा गर्न, अर्थतन्त्रमा सुधार ल्याउन,सुशासन कायम गर्न एकता बलियो बनाउँ कस्ता कामा प्राथमिकता रहेको टिप्पणी गरिएको थियो ।

यसैगरी आन्तरिक सुदृढीकरण, जनप्रतिनिधिलाई संगठित बनाउने, समयबद्ध योजना निर्माणमा जोडदिने, पार्टीमित्र प्रभावकारी समन्वयको आवश्यकता रहेको, कार्यकर्ताहरुलाई कामद्वारा अगाडि बढ्न निर्देशन समेत प्रोत्साहन गरिएको थियो । यसैगरी कार्यकर्तालाई निर्देशन दिन पार्टी नीतिप्रति दृढ विश्वास रहन आग्रह गरिएको थियो । अवसर हरुको सदुपयोग गर्दै जनतामा प्रभाव पार्ने कार्यहरुमा केन्द्रीत हुन पालिकाका नेतृत्वलाई आग्रह गरिएको थियो ।

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- ❒ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❒ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- ❒ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❒ सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- ❒ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,मकवानपुर

२०८१ साउन ३१ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिनी दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

शान्ति प्रकृयाको नयाँ मोड

शान्ति सम्झौता भएको १८ वर्ष नाघेको छ । सशस्त्र द्वन्द्वको समयमा भएको घटनाको कारण मन पीडा र तित्ततालाई त्यागेर मेलमिलापमा जानको लागि उपयोगी बाटोको रूपमा २०६२ मंसिर ७ गते विस्तृत शान्ति सम्झौता भएको थियो । तत्कालिन समयमा सशस्त्र द्वन्द्व छाडेर प्रतिस्पर्धात्मक लोकतान्त्रिक राजनीतिमा माओवादीलाई ल्याउनको लागि यो सम्झौता भएको थियो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक बुधबार प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ । विधेयक अब राष्ट्रिय सभाले पनि पारित गरेर राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि संक्रमणकालीन न्याय निरुपण प्रक्रिया अघि बढाइनेछ ।

१९ महिनाअघि २०७९ फागुन २५ मा सरकारले प्रतिनिधिसभामा दर्ता गरेको विधेयक प्रमुख राजनीतिक दलहरुबीच सहमति जुट्न नसक्दा अल्झिएको थियो । कांग्रेस, एमाले र माओवादीका नेता सम्मिलित तीन सदस्यीय कार्यदलले सहमति जुटाएपछि उक्त विधेयक २४ साउन (गत बिहीबार) कानुन तथा मानवअधिकार समितिले संशोधनसहित पारित गरेको पछि विधेयकलाई बुधबार निर्णयार्थ सदनमा पेस गरिएको थियो ।

'शान्ति प्रक्रियाका बाँकी कार्य पूरा गर्न नसक्दा हुँदै आएको अन्योलता अब सहज बाटोमा अघि बढ्ने आशा जागाएको छ। अबको दिनमा सत्यको अन्वेषण गर्ने,न्याय गर्ने, पीडितलाई परिपूरण गर्ने, द्वन्द्वको पुनरावृत्ति नहुने अपेक्षा गरिएको छ। विधेयक संक्रमणकालीन न्यायको मान्यतामा आधारित प्रचलित कानुन, सर्वोच्च अदालतको फैसला, अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल रहेको छ । विगतको अवस्था बिर्सेर सुनौलो आगतको लागि स्वदेशी जलवायु, माटो, संस्कृति र परम्परा अनुकूल शान्ति प्रक्रियामा मैत्री तथा बन्धुत्वयुक्त भाव लिएर अघि बढ्नुको विकल्प छैन ।

मनसुनसँगै रोगहरूको उच्च जोखिम



डा प्रकाश बुढाथोकी

मनसुन सुरु भएको एक हप्ता भइसकेको छ । निरन्तर दोहोरिने तथा जलवायु परिवर्तनबाट हुने असरको प्राकृतिक विपद् जोखिमले नेपाल विश्वमै अग्रस्थानमा छ । उत्तरबाट दक्षिणतर्फ बहने खोलानाला र खहरेले बाढी, पहिरो, डुबान, हिमपहिरो तथा हिमताल बिस्फोटन, चट्याङ, डढेलो, आगलागीजस्ता प्राकृतिक विपद् बर्सेनि दोहोरिने गरेका छन् ।

भूकम्पीय जोखिमका हिसाबले नेपाल ११औँ, जल उत्पन्न प्रकोपमा ३० औँ, जलवायु परिवर्तनको असरले हुने बाढी, खडेरी र पहिरोमा चौथो र हरितगृह ग्यास उत्सर्जनका हिसाबले एक सय नवौँ स्थानमा पर्दछ । त्यसैमा पछिल्लो समयमा अध्ययन, अनुसन्धान र वातावरणीय प्रभाव विश्लेषणबिना खनिएका सडक संरचनाले थप मलजल गरेका छन् । विपद्बाट कुल गार्हस्थ्य उत्पादनमा वार्षिक तीनदेखि पाँच प्रतिशत ह्रासँगै आर्थिक नोक्सानी भइरहेको छ ।

गत वर्ष विपद्का घटना सात सय ६९ हुँदा ६३ जनाको मृत्यु, ६९ घाइते तथा ३० बेपत्ता भएको तथ्याङ्क छ । यस वर्ष जल तथा मौसम विज्ञान विभागले सरदरभन्दा ३५ देखि ४५ प्रतिशत बढी वर्षा हुने अनुमान गरेको छ । मनसुनजन्य विपद्बाट करिब १८ लाख जनसङ्ख्या र चार लाख १२ हजार घरधुरी प्रभावित तथा ८३ हजार घरमा क्षति पुग्ने आकलन छ । मनसुन गत जेठ २८ गते भित्रिएपछि विपद्का एक सय ४७ घटनाबाट ३३ जिल्ला प्रभावित भई २८ जनाको ज्यान गइसकेको छ ।

मनसुनको सुरु भएसँगै बाढी, पहिरो, डुबान र चट्याङले देशभर ठूलो क्षति पुऱ्याइरहेको छ । हरेक दिन मृत्यु, घाइते र बिरामीहरूको तथ्याङ्क आइरहेका छन् । कोशी प्रदेशबाट सुरु भएको क्षति कर्णाली र सुदूरपश्चिम प्रदेश पुगिसकेको छ । ३३ बढी जिल्ला प्रभावित, तीसभन्दा बढीको मृत्यु तथा हजारौँ परिवार प्रभावित र भएका छन् । सुरुमै भएको क्षतिले चुनौतीपूर्ण भविष्यको सङ्केत गरेको छ ।

विपद्ले ल्याउने स्वास्थ्य समस्या

वर्षात्को समयमा आउने बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिसँगै सबै अस्पतालका निर्देशकहरूले उपलब्ध गराएको जानकारीमा गर्मीपछि वर्षात्को समयमा सबैभन्दा बढी झाडापखाला, हैजा, डेंगु, टाइफाइड, भाइरल, जण्डिस, हेपाटाइटिस ए र ई, आउँ, निमोनिया, औलो, कालाजार, ज्वरो, स्क्रब टाइफस, रुघाखोकी, छालाको समस्या, पेटको सङ्क्रमण, जुका, आँखा पाक्ने, लेप्टोस्पाइरोसिसजस्ता बिरामी देखिने गर्दछन् ।

अर्थात् दूषित खाना र पानी, लामखुट्टे, झिङ्गा, किराफट्याङ्ग्रा, फोहर तथा हिलोका कारण हुने सङ्क्रमण विशेषत: बढी देखिन्छ । परेको वर्षाले ट्याङ्की वरिपरि मानिस, जनावर, पक्षीको बिष्ठा, ढकन नभएको, फोहरसहितको भेल मुहानमा परी प्रदूषित पानी, सिनो मासु, खोलानालाको प्रदूषित पानी सेवनले रोग लाग्दा जण्डिसलगायतका रोगहरूबाट मानिसहरू बिरामी पर्दैछन् । गर्भवतीलाई अस्वस्थता हुँदा थप जटिलता र गर्भपतनसम्म भएको पाइन्छ ।

बढ्दो वर्षासँगै विभिन्न किटाणु, जीवाणु, विषाणुजन्य सरुवा र सङ्क्रमणहरू टाइफाइड, झाडाबान्ता, भाइरल फ्लु, पेटको दुखाई, रुघाखोकी, श्वासप्रश्वास सङ्क्रमण, जण्डिस, हेपाटाइटिस ए, आँखा सुक्खा, चिलाउने तथा आँखाको सङ्क्रमण, जनावरले टोकेर हुने बिरामीहरू बढ्दै छन् ।

यसबाहेक तराईमा सर्पदंश, उच्च ज्वरो, छालाको रोग, बढी पसिना जाँदा शरीरमा हुने पानी अभावको कारण जल वियोजन, पिसाब र मिगौंलामा समस्या र लु बढ्दैछ । जार तथा बोतलको पानी सेवन गर्नेमा पनि त्यत्तिकै समस्या छ । दूषित खाना, पानी, सरसफाइको अभाव, फोहर हात, भाडाकुँडा, झिङ्गा, लामखुट्टे, साङ्ला, किराफट्याङग्रा तथा बासी, सडेगलेका फोहर खानेकुरा, फोहर बानी व्यहोरा र फोहर पानीको प्रयोग नै यस समयको रोग लाग्ने मुख्य कारण हो ।

वर्षायाममा सर्पदंशको समस्या पनि निकै हुने गर्दछ । सर्पले टोकेको ठाउँमा दुई दाँतको गहिरो निसान देखिन्छ । केही क्षणमै उक्त ठाउँमा फोका उठ्न थाल्दछ, दुख्छ र सुनिन्छ । रगत अलिक लामो समयसम्म आइरहन्छ । पीडितलाई वाकवाकी लाग्छ, मुखबाट च्याल निक्लन्छ, डर त्रासले उत्तेजित हुन्छ, ओंठ र मुख सुख्छ, तिर्खा लाग्छ, मुटुको धड्कन बढछ भने आँखी भौं, परेला तल झर्छ । खान निल्न पनि समस्या हुन्छ ।

बोल्दा जिब्रो लर्बराउने, हिड्दा खुट्टा लडखडाउने र समय बित्दै जाँदा आँखाले एउटा वस्तुको दुई छाया देख्ने, आँखा खोल्न गाह्रो हुने गर्दछ । विरामीलाई श्वास लिन समस्या हुन्छ भने पक्षघात देखिने र तीनदेखि छ घण्टापछि पिसाव रातो भएर आउँछ । विषालु सर्पले टोकेपछि मानिसको श्वासप्रश्वासमा अवरोध भई, मांसपेशीमा पक्षघात भई, रक्तचाप ज्यादै न्यून भई अचेत हुन जान्छ र मृत्यु हुन्छ ।

तर व्यवहारमा ६० प्रतिशत जति सर्पदंशमा या त सर्प विषालु हुँदैन या विष टोकेको स्थानमा नपर्ने तथा परे पनि कम भएको पाइने गरेको छ ।

मानिस जति आतिन्छ, त्यति रक्तसञ्चार बढ्छ र विष छिटो शरीरमा फैलिन्छ । विषविहीन सर्पले टोक्दा पनि मानिस आत्तिने गर्दा हृदयाघात, छिटोछिटो सास फेर्ने, टोकेको ठाउँमा घोचेजस्तो हुने, टोकेको ठाउँ वरपर सुन्निने, रक्तश्राव, निलो, फोका उठ्ने, सङ्क्रमण तथा नेक्रोसिस, कुहिने, हातखुट्टा बाउडिने वा नचल्ने, बेहोस हुनेजस्ता लक्षण देखिन्छन् ।

टोकेको ठाउँदेखि शरीरमा विष फैलन नदिन सर्पले टोकेको खुट्टा वा हात चल्न नदिने गर्नुपर्छ । टोकेको ठाउँदेखि दुई-तीन इन्चमाथि मुटुतिर अलगअलग तीन ठाउँमा ब्याण्डेज, डोरी, रुमाल बाँध्ने र एउटा औला पट्टीभित्र मुस्किलले छिर्न सक्ने गरी बाँध्ने तर प्रत्येक १५ मिनेटमा आधा मिनेट डोरी खोली रक्तसञ्चार हुन दिनुपर्दछ । यदि अस्पताल वा स्वास्थ्य संस्था धेरै टाढा भएमा वा त्यहाँसम्म पुग्न तीन घण्टाभन्दा बढी समय लाग्ने अवस्था भएमा तत्कालका लागि प्राथमिक उपचार गरेर मात्र व्यक्तिलाई अस्पतालतिर लानुपर्दछ ।

मनसुनजन्य विपद तयारी र प्रतिकार्य

उच्च जोखिममा फलाइङ स्क्वार्ड तयारी, खोज, उद्धार र राहतका लागि स्रोतसाधनको व्यवस्थापन गरिएको छ । देशका ३४ स्थानमा चेतावनीमूलक साइरन प्रणाली जडान भएको र थप १५ स्थानमा गरिँदैछ । नेपाली सेनाले १० हजार आठ सय ४७, नेपाल प्रहरीले १० हजार पाँच सय ५८ र सशस्त्र प्रहरी बलले नौ हजार नौ सय २४ सुरक्षाकर्मीहरू विपद् प्रतिकार्यका लागि तयारीमा छन् ।

सेनाले इटहरी, सुर्खेत र काठमाडौंमा हेलिकप्टर तैनाथ छन् । बेलीब्रिज, बोटजस्ता आपत्कालीन सामान रणनीतिक स्थानहरूमा राखिएका छन् । कमाण्डपोष्ट खडा गरिएको छ । त्यसैगरी प्रदेश, जिल्ला र स्थानीय तहमा तयारी अवस्थामा रहने गरी प्रतिकार्य भइरहेको छ ।

पूर्वतयारीसम्बन्धी क्रियाकलापहरूका बारेमा सूची बनाई तयारी मन्त्रालयले गरिसकेको छ भने प्रतिकार्यसम्बन्धी सूचीकृत मुख्य क्रियाकलापहरूमा विपद्को असरको आधारमा सैंय तथा प्रादेशिक तहका स्वास्थ्य विषयगत क्षेत्र सक्रिय बनाउने, स्वास्थ्य क्षेत्रको द्रुत लेखाजोखा गर्ने, तथा सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सन्देशमूलक सूचना र सचेतना अभिवृद्धिमा जोड दिनु रहेका छन् ।

त्यस्तै प्रभावित स्थानमा द्रुत प्रतिकार्य टोली परिचालन, आकस्मिक चिकित्सकीय टोली परिचालन, हैजा, डेंगुका किट, खोप, औषधिजन्य सामग्रीको व्यवस्था, एम्बुलेन्सको परिचालन, बिरामी तथा घाइतेको व्यवस्थापन, नमूना परीक्षण, शव व्यवस्थापन, भेक्टर नियन्त्रण, महामारीको उपचार, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, मनोसामाजिक नसर्ने तथा सर्ने रोगहरूको नियमितता, घुम्ती स्वास्थ्य सेवा गर्नेगरी प्रतिकार्य काम भइरहेका छन् । त्यस्तै हटलाइनहरू पनि सञ्चालनमा छन् ।

अन्तमा रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस हुन्छ । जुनसुकै उमेर, वर्ग र तप्काका मानिसले स्वास्थ्यप्रति सचेत हुनुपर्छ । उमालेको पानीको प्रयोग गर्नुका साथै खाना खानुअघि र पछि साबुनपानीले हात धुनुपर्दछ । जथाभावी दिसापिसाब नगर्ने, बासी सडेगलेका र अपच हुनेगरी खुला ठाउँमा राखिएका खाना खानु हुँदैन । व्यक्तिगत सरसफाइ र घर वरपरको वातावरण सफा राख्नुपर्दछ ।

(लेखक डा.प्रकाश बुढाथोकी केन्द्रीय कारागार अस्पतालका प्रमुख तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता हुन् ।समसामयिक सवाल भएकाले जनहितको लागि हामीले यो लेख प्रशासन डटकमबाटबाट साभार गरेका हौं -स.।)

राजस्व... कर बढेपछि व्यवसायी अन्दोलनमा



२०८१ को पहिलो हप्तामा भएको १५ औं नगर सभामा कर वृद्धिसम्बन्धी प्रस्ताव छलफलमै नल्याई गुपचुप रुपमा पास गराइएको दाबी गरे ।

करको दर हेरफेर जस्तो संवेदनशील विषयमाथि सरोकारवाला निकायसँग आवश्यक छलफल र नगर सभामा नै प्रस्ताव नल्याई पास गरिनुले नगर प्रमुख लामा र उपप्रमुख राजेश बानियाँको गैरजिम्मेवारी र लाचारीपन भएको आरोप लगाए ।

'नगरसभाबाट पास हुने विषयमा ध्यान नदिनु हाम्रो पनि कमजोरी हो । कर वृद्धि सम्बन्धीको डकुमेन्ट नगरसभामा बाँडिएको छैन । तर, घटनाक्रमले मुद्दा उठान भएपछि समस्या समाधानका लागि हामीले पहल कदमी लिनुपर्छ भनेर विशेष नगरसभा बोलाउन माग गरिएको हो', सिग्देलले भने, 'यस विषयमा छलफल गर्न खोज्दा मेयर र उपमेयर सम्पर्कमै आएका छैनन् ।'

उपप्रमुख बानियाँ संयोजक रहने राजश्व परामर्श समितिमा एमालेकै तीन जना वडा अध्यक्ष दीपक खड्का, सुनिल मोक्तान र जुना दाहाल सदस्य छन् । तीन जना वडाध्यक्षले राजश्व परामर्श समितिको बैठकमा करको दायरा बढाउने विषयमा मात्रै छलफल भएको तर, नगरसभाबाट अस्वभाविक रुपमा कर वृद्धि गरिएको बताए । ७ असारमा भएको उपमहानगरको १५ औं नगर सभाबाट राजश्व दरमा वृद्धि गर्ने निर्णय भएको थियो ।

उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को लागि बहालकर देखि व्यवसाय कर मा २० देखि १५० प्रतिशतसम्म राजश्व वृद्धि गरेको हो । व्यवसायीहरुले बिहीबार पनि हेटौंडा उपमहानगर पालिकामा धर्ना दिने र नगर सरकार खोज्दै मैनबत्ती जुलुस गर्ने कार्यक्रम तय गरेका छन् ।

मकवानपुर । हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि गत असार ३ गते नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्‍यो । नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रममले कर नबढाउने तर करको दायरा बढाउने प्रस्ताव गरेको थियो । तर यसको विपरीत ५ दिनपछिको नगरसभाले करको दर नै बढाउने निर्णय गुपचुप गरेपछि अहिले व्यवसायि आन्दोलनमा उत्रेका छन् । करको दायरा बढाउने प्रस्ताव गरेको नगरपालिकाले १३३ प्रतिशतसम्म कर वृद्धी गरेको छ ।

नगरसभामा दायरा बढाउने प्रस्ताव गरेको तर ५ दिन पछिको कर बढाउने निर्णय पास गरेको जानकारी व्यवसायीले एक महिनापछि थाहा पाए, जब कर बढेको जानकारी राजपत्रमा प्रकाशित भयो। राजपत्रको जानकारी प्राप्त नगरेकाहरू कर तिर्न जाँदा एक्कासी झरिकए । नगरसभाले गोप्य रूपमा राजस्वको दरमा हेरफेर गरेपछि अहिले जनप्रतिनिधिहरू पनिहरू दुइ खेमामा बाँडिएका छन्, भने व्यवसायीहरूको एक मत रहेको छ ।

उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि ३०० रूपैयाँदेखि ३० हजार रूपैयाँसम्म राजस्वको दर परिवर्तन गरेको छ । नयाँ आर्थिक वर्ष सुरू भएसँगै उपमहानगरपालिकाले नयाँ दर अनुसार राजस्व संलन गर्न थालेपछि व्यवसायी भने आन्दोलित भएका हुन् ।

नगरपालिकाले नगरसभाको बजेट अधिवेशनमा उक्त विषयमा छलफल नभएको भन्दै वडा अध्यक्षहरुले नै असन्तुष्टि व्यक्त गरिरहेका छन् । उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि निर्धारण गरेको दर अनुसार गत आर्थिक वर्षमा ३ हजार रूपैयाँ राजस्व तिर्दै आएका बजार क्षेत्रमा कपडासहित सिलाइ बुनाइ गर्ने व्यवसायीले ३ हजार रूपैयाँ राजस्व तिर्नुपर्ने भएको छ भने गत आर्थिक वर्ष सिलाइ बुनाइ मात्रै गर्नेलाई एक हजार रूपैयाँ राजस्व लिँदै आएकोमा चालु आर्थिक वर्षमा एक हजार ५०० रूपैयाँ राजस्व निर्धारण गरेको छ ।

बुटिक व्यवसायीलाई यस वर्षदेखि छुट्टै वर्ग बनाएर वार्षिक ८ हजार रूपैयाँ राजस्व तोकेको छ । गत वर्ष एक हजार ५०० सय रूपैयाँ राजस्व तिरेका ड्राइ क्लिनर्स व्यवसायीले चालु आर्थिक वर्षमा ३ हजार ५०० रूपैयाँ अर्थात १३३ प्रतिशतले बढी तिर्नुपर्ने भएको छ । गत आर्थिक वर्ष सबैखाले सहकारी संस्थालाई वार्षिक ३ हजार ५०० रूपैयाँ राजस्व लिएको उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा सहकारीलाई वर्गीकरण गरेर १३ हजार रूपैयाँसम्म राजस्व निर्धारण गरेको छ । वर्गीकरण अनुसार बचत तथा ऋण सहकारी संस्थाले १३ हजार रूपैयाँ, ८ हजार रूपैयाँ, दुग्ध र कृषि सहकारीले एक हजार ५०० रूपैयाँ र अन्य सहकारीले ५ हजार रूपैयाँ राजस्व तिर्नुपर्नेछ ।

निजी अस्पतालले गत आर्थिक वर्ष १० हजार रूपैयाँ राजस्व तिरेका थिए भने चालु आर्थिक वर्षमा १८ हजार रूपैयाँ तिर्नुपर्ने भएको छ । विशेषज्ञ क्लिनिकले गत आर्थिक वर्षमा ६ हजार रूपैयाँ तिरेको थियो भने चालु आर्थिक वर्षमा १० हजार रूपैयाँ तिर्नुपर्ने भएको छ ।

राजस्व वृद्धिप्रति व्यवसायीहरुले असन्तुष्टि व्यक्त गरिरहँदासमेत उपमहानगरपालिका भने निर्णयमा अडिग छ । उपमहानगरपालिकाको साउन १६ मा बसेको कार्यपालिका बैठकले समेत राजस्व दर कायम राख्ने निर्णय गरेको छ । कार्यपालिका बैठकले नगरसभाबाट पारित भएको राजस्वको दर कार्यान्वयनमा समेत आइसकेकाले राजस्वको दर कायमै राखेर अगाडि बढ्ने निर्णय गरेको जनाएको छ ।

हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले राजस्व वृद्धि गर्ने विषयलाई गम्भीरताका साथ नलिएका कारण विवाद देखिएको बताए । परिस्थिति र सरोकारवालासँग पर्याप्त छलफल नगर्नाले व्यवसायी आन्दोलित हुनुपरेको उनले बताए । उपमहानगर पालिकाबाट राजस्व वृद्धि गर्ने प्रक्रियामा कमजोरी भएको प्रमुख प्रशासकीय अधिकृत गौतमले बताए । करको दर बढाउने निर्णय हुँदा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी थिए ।

व्यवसायीहरूद्वारा आन्दोलन घोषणा

करको दर बढाएको जानकारी पछि पटक पटक सम्बन्धित निकायमा ज्ञापन पत्र दिएका व्यवसायिहरूले आन्दोलनको कार्यक्रम सार्वजनिक गरेका छन् । मकवानपुर उद्योग वाणिज्यसँघको नेतृत्वमा व्यवसायीहरू आन्दोलमा उत्रेका हुन् । राजस्व वृद्धि गर्ने उपमहानगरको निर्णयप्रति व्यवसायीहरुले विरोध जनाउँदै आन्दोलमा गएका हुन् । राजस्व परिवर्तनको दर र क्षेत्रलाई हेर्दा अध्ययन, अनुसन्धान र कुनै वैज्ञानिक आधारविना नै दर परिवर्तन गरिएको भन्दै उनीहरुले विरोध जनाएका हुन् ।

आर्थिक मन्दी, खुम्चिएको व्यावसायिक परिस्थितिमा स्थानीय सरकारले करको दरमा चर्को वृद्धि गरेको व्यवसायीको भनाइ छ । आर्थिक मन्दीसँगै व्यवसाय नै बन्द गर्नुपर्ने अवस्थामा स्थानीय सरकारले राजस्वमा शत प्रतिशतभन्दा बढी राजस्व वृद्धि गरेको भन्दै मकवानपुर उद्योग वाणिज्य संघले विरोध जनाएको छ ।

अव्यावहारिक रुपमा राजस्वको दर परिवर्तन र शत प्रतिशतसम्म वृद्धिले व्यवसायी थप मर्कामा पर्ने भन्दै आन्दोलनमा उत्रिएको मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोद सिंह रानाभाटले जानकारी दिए । संघले उपमहानगरपालिकाको राजस्व वृद्धिको निर्णयका विरूद्धमा आन्दोलनका कार्यक्रम समेत घोषणा गरेको छ । करको दर र दायरा बढाउँदै नयाँ शीर्षकमा पनि उच्च दरमा कर को दर कायम गरेको भन्दै नगरप्रमुख, उपप्रमुखलाई ध्यानाकर्षण पत्र बुझाउँदै उपमहानगरको सकारात्मक प्रतिक्रियाको अपेक्षामा रहेका व्यवसायीले अन्ततः आन्दोलनको घोषणा गरेको उपाध्यक्ष रानाभाटले बताए ।

कोभिड१९ देखि निरन्तर व्यवसाय खस्कँदो अवस्था रहेका बेला सहयोग गर्नुपर्ने स्थानीय सरकारले करको दर बढाएर व्यवसायीलाई थप पीडा दिने काम गरेको भन्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गर्न बाध्य भएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले बताए । संघले ५ दिने आन्दोलनका कार्यक्रमअन्तर्गत धर्ना दिनेदेखि व्यवसाय बन्द गरेर चाबी उपमहानगर पालिकालाई बुझाउनेसम्मका कार्यक्रम घोषणा गरेको छ । आन्दोलनका कार्यक्रमसँगै संघले व्यवसायीहरुको तर्फबाट सामूहिक रूपमा उपमहानगरपालिका विरूद्ध मुद्दा समेत दर्ता गराउने जनाएको छ ।

आन्दोलनका कार्यक्रम अन्तर्गत पहिलो दिन सोमबार राजनीतिक दलसम्बद्ध व्यावसायिक संघ, संस्थाका प्रतिनिधि र सहकारी संस्थाका प्रतिनिधिहरुसँग छलफल गरिएको छ भने व्यापारीको भेला आयोजना गरेर आन्दोलनको आवश्यकता, औचित्य र व्यवसायीको साथ सहयोगका विषयमा जानकारी गराइएको छ । दोस्रो दिन मंगलबार कर अवज्ञा गर्न व्यवसायी र नगरवासीलाई आह्वान गर्न सुरू गरेको छ । विभिन्न संघ, संस्था, प्रदेश सरकार, राजनीतिक दललाई ज्ञापनपत्र बुझाउनुका साथै विभिन्न क्षेत्रका प्रतिनिधिसँग अन्तरक्रियाको कार्यक्रम तय गरिएको अध्यक्ष गुप्ताले बताए ।

तेस्रो दिन बुधबार ३० साउनमा हेटौंडा बजारको बुद्धचोकसँगै विभिन्न स्थानमा राजस्व वृद्धिको निर्णय विरूद्ध हस्ताक्षर संकलन गर्ने, हेटौंडा उपमहानगरपालिकामा १ घण्टा धर्ना दिने, राजस्व वृद्धिको विरोधमा विभिन्न स्थानमा कालो ब्यानर राख्ने कार्यक्रम रहेको छ ।

यसैगरी बिहीबार हेटौंडा उपमहानगरपालिकामा ३ घण्टा धर्ना दिने, नगर सरकार खोज्दै मैनबत्ती जुलुस गर्ने र पाँचौं दिन शुक्रबार च्यालीसहित व्यापार व्यवसाय बन्द गरी हेटौंडा उपमहानगरपालिकामा चाबी बुझाएर पहिलो चरणको आन्दोलनको कार्यक्रम समापन गर्ने कार्यक्रम सार्वजनिक गरिएको छ ।

इन्द्रसरोवर गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

इन्द्रसरोवर गाउँपालिका

गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

सहीखबर

फिचर/विचार/समाचार

२०८१ साउन ३१ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

खेलकुद रंगशालाको अलोकन गर्न पुगे खेलकुद मन्त्री महर्जन

रफ्तारमा काम गर्न निर्देशन



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर जिल्लाको हेटौंडा ६ गौरीटार रंगशालामा निमार्णाधिन रङ्गशालाको बामगती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन फिल्डमा पुगेका छन् ।

मन्त्री महर्जनले स्थलगत अवलोकनपछि कामको रफ्तारको लागि निर्देशन दिएका छन् । मन्त्री महर्जनले गौरिटार रंगशालामा निर्माणाधीन त्रिकेट तथा फुटबल मैदान र पौडी पोखरीको निरिक्षण गर्दै कामलाई रफ्तारमा बढाउन निर्देशन दिएका हुन् । गत बैशाखमा शिलान्यास गरिएको क्रिकेट रंगशाला र पौडी पोखरीको पनि मन्त्री महर्जनले निरिक्षण गरे ।

निरिक्षणका क्रममा मन्त्रालयका सचिव रूद्रप्रसाद लामिछाने र प्रदेश खेलकुद परिषदका इन्जिनियर निवेश बर्तौलाले ब्रिफिङ गरेका थिए । प्रदेश सरकारले गत आर्थिक वर्षदेखि क्रिकेट रंगशाला निर्माणका लागि १२ करोड र स्विमिङ पुल निर्माणका लागि ९ करोड रूपैयाँ बजेट विनियोजन गरेर निर्माण थालेको इन्जिनियर बर्तौलाले बताए ।

उक्त रंगशालामा पहिलो चरणमा ६०० जना दर्शक क्षमताको एउटा प्यराफिट सहिता ५ वटा पिच, ७० मिटर रेडियसको ग्राउण्ड मिमिआइपी कक्ष, खेलाडी कक्ष (प्लेयर बक्स), चेन्जिङ रूम (कपडा फेर्ने कोठा), टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपांगमैत्री क्षेत्र, पार्किङलगायत संरचना निर्माण हुने उनले बताए । आगामी एक वर्ष भित्र सो संरचना निर्माण सम्पन्न गर्नुपर्ने गरी ठेक्का मार्फत् काम भइरहेको प्रदेश खेलकुद विकास परिषदका इन्जिनियर बर्तौलाले बताए ।

निरिक्षणपछि मन्त्री महर्जनले समय सिमा भित्रै निर्माण कार्य सम्पन्न गर्ने पहल र निर्माण कम्पनीलाई दवाव दिने बताए । खेलकुद क्षेत्रमा निर्माण कार्य अत्यन्त सुस्त हुने गरेकाले प्रदेश सरकारले तत्काल निर्माण कम्पनीलाई उपस्थित गराएर काम छिटो सक्न निर्देशन गर्ने उनको मनाई थियो । प्रदेश सरकारले खलकुद क्षेत्रको विकासका लागि स्तरिय खेलकुदका संरचनासंगै खेलाडी प्रोत्साहनमा समेत काम गर्ने लक्ष्य लिएको छ ।

केन्द्रीय खेलकुद प्रतिष्ठान (गौरीटार रंगशाला) का रूपमा विकास गर्नेगरी तत्कालिन समयमा राष्ट्रिय खेलकुद परिषद्ले खेलकुदका संचना निर्माणको थालनी गरेको थियो । बजेटले निरन्तरता पाउन नसक्दा १४ वर्षसम्म सो रंगशाला निर्माणले गति लिन सकेको थिएन । २८ जेठ ०६४ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालबाट शिलान्यास भएको गौरिटार रंगशालाको शिलान्यास गरेका थिए । गौरीटार रंगशालामा विभिन्न विधा १९ वटा विभिन्न खेलकुद सम्बन्धित संरचना निर्माण गरिने योजना अनुसार काम सुरू गरिएको थियो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई बन्द प्रशिक्षणमा राख्ने उद्देश्यसहित निर्माण गर्न लागिएको यस रंगशालामा फुटबल, भलिबल, क्रिकेटका लागि खेल मैदान, स्विमिङ पुल, छात्र र छात्रा होस्टल, प्रशासनिक भवन लगायतको संरचना निर्माण गर्ने परिषदको योजना थियो ।

देश संघीय संरचनामा गएसँगै रंगशाला निर्माणको काम प्रदेश सरकारअन्तर्गत रहेको उक्त आयोजनामा क्रमागतबाट बजेट विनियोजन गरिदै आएको छ । फुटबल ग्राउन्ड, रनिङ ट्रयाक सिन्थेटिक, भीआईपी प्यारापिट र लाइटिङ गरी ९० करोड रूपैयाँको लागत अनुमानसहित डीपीआर तयार पारेर काम गरिरहेको छ ।

खेलाडीलाई जीविकोपार्जनसँग जोडेर विकास गर्न यो रङ्गशालामा महत्वपूर्ण हुने विश्वास महर्जनले व्यक्त गरे । "खेलाडीलाई निरन्तर लगाव, हौसलासँगै उनीहरूको जीवनयापन गर्न सक्ने आर्थिक व्यवस्था हुनु आवश्यक छ, जुन आवश्यकतालाई यसले पुरा गर्न सक्छ" उनले भने ।

युवा खेलाडीलाई पलायन हुन नदिने मुख्य उद्देश्यका साथ बागमती प्रदेशको राजधानी हेटौंडामा निर्माणाधिन गौरीटार रङ्गशालाले अब आकार लिन थालेको छ । गौरीटारले उर्जाशील खेलाडीलाई आफ्नो बरित्त र देशमा टिकाइराख्ने उद्देश्य राखेको छ ।

प्रदेश सरकारले ३३ बिगाहा क्षेत्रफलमा करिब ५ अर्ब रूपैयाँमा रंगशाला निर्माण गर्दै त्यसमित्र विषेश प्राथमिकताका साथ फुटबल स्टेडियम, पौडी पोखरी, क्रिकेट रंगशाला, एथलेटिक्स खेलकालागी पूर्वाधार, फिटनेस सेन्टरलगायत ३१ वटा खेल संरचना निर्माण गरिरहेको छ ।

हेटौंडा- ६, स्थित गौरीटार रंगशालामा निर्माण भइरहेको रंगशाला हालसम्मको अवस्तामा देशकै दोस्रो ठुलो फुटबल रंगशाला हो । बागमती प्रदेश सरकारले पहिलो चरणमा गौरिटारमित्र सुविधा सम्पन्न अन्तराष्ट्रिय मापदण्ड अनुरुपको फुटबल रंगशाला निर्माणलाई प्राथमिकता दिदै तिव्रगतिमा काम गरि रहेको छ । अन्तराष्ट्रिय मापदण्ड अनुरुपमा निर्माणाधीन फुटबल रंगशालाको काम अन्तिम चरणमा पुगेको बागमती प्रदेश खेलकुद परिषदका सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिए ।फुटबल रंगशाला निर्माणको कार्य लगभग अन्तिम चरणमा पुगेको छ ।

गत आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य भएता पनि चालु आर्थिक वर्षको पहिलो चौमासमा निर्माण सम्पन्न गरिने तयारी भएको प्रदेश खेलकुद परिषदका सदस्यसचिव भण्डारीले बताए ।"राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरू सञ्चालन गर्ने परिषदको लक्ष्य छ", सदस्यसचिव सूर्य भण्डारीले भने "फुटबल रंगशाला देशकै पहिलो प्रविधियुक्त र दशरथ रंशालापछिको तेस्रो रंगशाला बन्नेछ ।" फुटबल रंगशाको करीब ९५ प्रतिशत काम सम्पन्न भईसकेको भण्डारीले बताए । रंगशालामित्र ४ हजार ५०० दर्शक क्षमताको प्यारापिट निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ ।

प्रत्येक वर्ष हुदै आएको राष्ट्रिय "राष्ट्रिय ए डिभिजन लिग" फुटबल प्रतियोगिताका केही खेलहरू काठमाडैमा मात्र हुदैं आएकोमा परिषद्ले उक्त प्रतियोगिताका केही खेलहरु निर्माणाधीन रंगशालामा गर्ने र अन्तराष्ट्रिय खेल समेत गर्न सक्ने लक्ष्य सहित तीव्र गतिमा काम गरिरहेको उनले बताए ।

रातको समयमा समेत फुटबल प्रतियोगिता सञ्चालन गर्न मिल्ने गरि रंगशाला निर्माण गरिरहेको छ । रंगशाला भित्र खेलाडीहरुका लागी छुट्टै कोठाहरु, आवास गृह, सुविधा सम्पन्न शौचालयहरु,मिडिया सेन्टरका लागी विशेष कक्ष, प्रतियोगिता सञ्चालनको क्रममा हुनसक्ने सम्भावित दुर्घटना र खेलाडीलाई लाग्नसक्ने चोटपटकको उपचारका निम्ति चिकित्सक बस्ने छुट्टै कक्ष लगाएत थुप्रै पूर्वाधारहरु बन्नेछ। फुटबल रंगशाला निर्माण सम्पन्न गर्न करिब ३० करोड खर्च लाग्ने बताईएको छ ।

● यस्तो बन्दैछ गौरीटार रंगशाला

प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गत रहेको खेलकुद परिषद् विविध दीर्घकालीन लक्ष्य बोकेर अगाडी बढिरहेको छ । स्थानीय तहले खेलाडी उत्पादन गर्नुपर्ने र प्रदेशले आवश्यक सहयोग तथा समन्वय हुनुपर्ने कार्यक्रमहरु ल्याएर अगाडी बढ्ने प्रदेशको भावी योजना रहेको छ ।

प्रदेशका १३ जिल्लामा कर्मठ हल निर्माण भईसकेको र केही बाकी रहेका जिल्लाहरुमा आगामी आर्थिक वर्षभित्र सम्पन्न हुनेछ । प्रदेशका १३ वटै जिल्लामा मिनी रंगशाला निर्माण गर्ने लक्ष्य अनुरूप बाँकी जिल्लाहरूमा चालु आर्थिक



वर्षबाट यो योजनामा समेटेर अघि बढ्ने परिषद्को तयारी छ । चालु आर्थिक वर्षमै गौरिटारमित्र ४ हजार क्षमताको बहुउदेश्यीय कभर्डहल, अभ्यासका लागि एक दर्जन थप कभर्डहल, मोटर स्पोर्टस ट्रयाक, महिला तथा पुरूषका लागि छुट्टाछुट्टै आवास कक्ष, रिक्रिएसन कक्ष, औषधीउपचार कक्षसहित विभिन्न खेलका लागि दुई दर्जन संरचना निर्माण गर्ने प्रदेश सरकारको लक्ष्य छ ।

अहिले स्थानीयतहहरुले खेलाडी उत्पादन गर्नुभन्दा पनि धेरै राष्ट्रिय स्तरका खेलहरु र जुन खेल हेर्न रमाइलो र बढी भिड हुने गर्दछ त्यसलाई मात्र बढी प्राथमिकता दिएको पाइन्छ । यो अवस्थामा प्रदेश परिषद् मातहत रहेका जिल्ला खेलकुद समिति मार्फत सबै स्थानीयतहहरुलाई बुझाउने प्रयास गरिरहेको छ ।

प्रदेशले १३ वटा जिल्लामा रहेका खेलाडीहरु खोज्न हालसम्म ३ वटा प्रदेश स्तरीय खेलहरु सञ्चालन गरेको सदस्यसचिव भण्डारीले बताए । "प्रदेश स्तरका खेलबाट नयाँ(नयाँ खेलाडीहरु आउनुको साथै अहिले भएका खेलाडीहरुले समेत प्रतियोगिता भईरहदाँ खेलक्षेत्रमा टिकिरहने अवस्था बन्ने छ" भण्डारीले भने । परिषदले जनशक्ति विकासको दीर्घकालीन लक्ष्य बनाउने र अर्को पुर्वधार निर्माणको लक्ष्य बनाउदै अघि बढिरहेको जनाएको छ । खेलाडीहरुले वर्षमा एउटा पनि प्रतियोगिताहुदैन भनेर गुनासो आउने गरेकोमा परिषद्ले गत आर्थिक वर्षमा ३ वटा प्रदेश स्तरका प्रतियोगिताहरु गरेको थियो ।

प्रदेश सरकारले खेलका खेलाडी उत्पादन गर्न खेल प्रशिक्षक नियुक्त गर्दै दैनिक रूपमा खेलको अभ्यास गर्ने वातावरण सिर्जना गरेको सदस्यसचिव भण्डारीले बताए । खेल प्रतियोगिताहरु हुने समयमा खेलाडीहरु खोजेर हिडनुपर्ने अवस्थाको अत्यगर्न परिषद अग्रसरता देखाएको छ । खेलकुद परिषद् गठन भएपछी बागमती प्रदेश खेलकुद परिषदले सातवटै प्रदेशका सदस्यसचिवको भेला समेत गरेको थियो । उक्त भेलाले प्रत्येक वर्ष फरक (फरक प्रदेशले अन्तर प्रदेश खेलकुद प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरेको थियो ।

हेटौंडामा तेस्रो रोटरी राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता हुने

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा तेस्रो रोटरी मकवानपुर पिप्ले क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता हुने भएको छ । हेटौंडा-५ स्थित क्याम्पा रंगशालामा आगामी २४ भदौदेखि ३१ भदौसम्म प्रतियोगिता हुने भएको हो ।

आयोजक रोटरी क्लब अफ मकवानपुरले बुधबार पत्रकार सम्मेलन गरी प्रतियोगिताको जानकारी दिएको हो । जलन प्राथमिक उपचार केन्द्र निर्माण अभियानलाई सहयोग गर्ने उद्देश्यले प्रतियोगिता सञ्चालन गर्न लागिएको संयोजक मोहन ढकालले जानकारी दिए । १६ वटा टिमले सहभागिता जनाउने प्रतियोगितामा प्रथम हुने टिमले २ लाख २ हजार २ सय २२ रुपैंया प्राप्त गर्ने छन् । यसैगरी द्वितीय हुनेले १ लाख १ हजार १ सय १ रुपैंया प्राप्त गर्ने ढकालले बताए । यसैगरी सर्वोत्कृष्ट प्रशिक्षकले १० हजार रुपैंया, सर्वोत्कृष्ट खेलाडी, सर्वोत्कृष्ट किपर, सर्वोत्कृष्ट डिफेन्स सर्वोत्कृष्ट मिडफिल्डर तथा सर्वोत्कृष्ट फर वार्डले जनही ५/५ हजार रुपैंया प्राप्त गर्ने आयोजकले जनाएको छ ।

स्वास्थ्यको लागी खेलकुद भन्ने नाराको साथ रोटरी क्लव अफ मकवानपुरको आयोजनामा सर्व प्रथम २०७२ सालमा पहिलो पटक राष्ट्रिय र २०७३ सालमा दोस्रो पटक अन्तराष्ट्रिय प्रतियोगिता आयोजना गरेको थियो । हेटौडामा नै पहिलो पटक आयोजना गरिएको ८ ए साईड भेट्रान्स प्रतियोगिताको पहिलो र दोस्रो संस्करण चितवन भेट्रान्स क्लबले हात पारेको थियो ।

आठ वर्षपछि सामाजिक एवम् मानवीय सहयोगको साथसाथै खेलकुदमा पनि रोटरी भन्ने रोटरी इन्टरनेशनलको नारालाई आत्मसाथ गर्दै रोटरी क्लव अफ मकवानपुरको जलन प्राथमिक उपचार केन्द्र आगोले पोलेकोहरुको तत्काल स्वास्थ्य उपचार गर्ने निर्माण अभियानलाई पनि सहयोगको लागि तेस्रो रोटरी मकवानपुर पिप्ले क्याम्पा राष्ट्रिय भेट्रान्स फुटवल प्रतियोगीता आयोजना गर्न लागिएको रोटरी क्लव अफ मकवानपुर अध्यक्ष वर्ष २०२४-२५ अनिल अग्रवालले जानकारी दिए ।

रोटरी क्लव अफ मकवानपुर आयोजक, पिप्ले युवा क्लब सहआयोजक र रोट्रयाक क्लब अफ मकवानपुरको सहकार्य हुने प्रतियोगिताको मुख्य प्रायोजक हेटौडा उपमहानगरपालिका र सह प्रायोजक हेटौडा स्कूल अफ म्यानेजमेन्ट रहेको छ । मकवानपुरका ९ वटा स्थानीय तहको सहयोग रहने प्रतियोगितामा चितवन, बारा तथा मकवानपुरमा संचालनमा रहेका उद्योग तथा अन्य संघ संस्थाको समेत सहकार्य रहने बताइएको छ । प्रतियोगीतामा १६ लाख १८ हजार खर्च हुने अनुमान गरिएको आयोजक संस्थाका संयोजक ढकालले जानकारी दिए ।

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ साउन ३१ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

हेटौंडाको राप्तीमा च्याफ्टिङको मज्जा

○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा शनिबारबाट च्याफ्टिङ सुरु भएको छ। नेचर स्पोर्टस एन्ड एडभेन्चर्स प्रालिद्वारा हेटौडा १० स्थित राप्ती पुलदेखि रजैयासम्म च्याफ्टिङ संचालनमा ल्याएको हो ।

यसअघि त्रिशूली नदीमा मात्र उपलब्ध रहेको च्याफ्टिङको मज्जासँगै अनुभव समेत अब हेटौंडावासीले आफ्नै शहरमा लिन पाउने भएका छन्। संचालनमा आएको च्याफ्टिङ स्थानीय आन्तरिक पर्यटन र आर्थिक विकासको दृष्टिले महत्वपूर्ण रहने मनहरी ाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले बताए ।

राप्ती खोलामा शुरू गरिएको च्याफ्टिङ सेवा हेटौंडाको राप्तीपुलदेखि रजैया-ज्यामिरेसम्म सञ्चालन हुनेछ।शनिबार मनहरी गाउँपालिकाका अध्यक्ष सहित मकवानपुरका पत्रकारहरू सहभागी भइ पहिलो पटक हेटौडादेखि रजैयासम्म ३ घण्टा लामो च्याफ्टिङ गरे ।

राप्ती नदीको पानीको बहाव, सुरक्षा र मनोरञ्जनका दृष्टिले वर्षायाममा च्याफ्टिङको राम्रो सम्भावना रहेको एडभेन्चर्सले जनाएको छ । राप्ती नदीको सुरक्षा र मनोरञ्जनको दृष्टिकोणले अत्यन्तै उत्कृष्ट रहेको च्याफ्टिङको लागि अनुभवी गाइड हिमाल मिजारले बताए । पहिले दिन हेटौंडाका पत्रकारहरूले च्याफ्टिङ गरेका थिए । च्याफ्टिङ जीवनकै अविस्मरणीय क्षण तथा रमाइलो समय रहेको सहभागी पत्रकारहरुले बताए । कम्पनीले हेटौंडाको राप्तीपुलदेखि मनहरी ज्यामिरेसम्मको च्याफ्टिङका लागि जसको लागि खाना बाहेक प्रतिव्यक्ति ९ सय र खाना सहित प्रतिव्यक्ति १२ सय शुल्क लाग्नेछ । कम्पनीले छिट्टै नियमित च्याफ्टिङ सेवा सुरु गर्ने जनाएको छ।





स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक

● सहीखबर साप्ताहिक

मकवानपुर बहुमुखी क्याम्पस
(MMC-Hetauda)

भर्ना खुल्यो !

कक्षा-११
विज्ञान
व्यवस्थापन
मानविकी
शिक्षाशास्त्र



कक्षा सञ्चालन:
२०८१ श्रावण ५ गतेदेखि

मकवानपुर बहुमुखी क्याम्पस
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२०, ९८५५०१६९१५

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय
हेटौंडा-२, मकवानपुर
BIG SCHOOL



Hurry Up!

PROGRAMMES

Class 11
Science
Law Education
Management

CTEVT

3 Yrs Diploma in Forestry

Contact at: 057-520700, 9845302800,
9845058715, 9845072247, 9845028839, 9855070647

७ भदौबाट मकवानपुर जिल्ला लिग

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा आगामी ७ भदौबाट जिल्ला लिग फुटबल प्रतियोगिता हुने भएको छ ।

मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा हुने प्रतियोगितामा २८ वटा ए डिभिजन क्लबले सहभागिता जनाउने छन् । जिल्ला लिगको लागि जिल्ला फुटबल संघ ए डिभिजन लिग, २०८१ नियमावली सार्वजनिक गरेको छ । प्रतियोगिताको विजेता, उपविजेता टिमले नगद १ लाख र ५० हजार सहित प्राप्त गर्ने संघले जानकारी दिएको छ । विजेता टिमले प्रदेश लिग २०८१ को लागि छनौट हुनेछन् । प्रतियोगितामा सहभागी हुन सम्बन्धित क्लवले आर्थिक वर्ष २०७९र८० को करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने संघले जनाएको छ ।

यसवर्षबाट जिल्ला लिगमा क्लवहरुको वरियताक्रम छुट्याइने संघले जनाएको छ । जसको लागि लिगमा सहभागी हुने २८ वटै क्लवलाई ४ समूहमा विभाजित गरिनेछ । हरेक समूहको शिर्ष ३ स्थानमा रहने क्लवहरु सिधै जिल्लाको ए डिभिजन क्लवमा छनौट हुनेछन् । हरेक समूहका चौथो र पाचौँ हुने ८ वटा क्लवहरु बी डिभिजन र छैठौ र सातौँ हुने ८ वटा क्लवहरु सी डिभिजन क्लवको सूचिमा पर्ने छन् ।

जिल्ला खुल्ला क्वालिफाइबाट आयका २ वटा क्लवहरुसहित १० वटा क्लवले आगामी जिल्ला लिग सी डिभिजन खेल्नेछन् । प्रतियोगिताको लागि ४ भदौसम्म टिम दर्ता गर्नु पर्ने संघले जनाएको छ । संघको आयोजनामा २०८० मा भएको जिल्ला लिग क्वालिफाईमा सहभागी खेलाडीले जिल्ला लिग प्रतियोगितामा सहभागिता जनाउन पाउने छैनन् ।

यसैगरी २०८०र०८१ मा अन्य जिल्लामा लिग खेलेका मकवानपुरका खेलाडी तथा २०८० मा एन्फा ए, बी, सी लिग खेलेका खेलाडीले समेत प्रतियोगितामा सहभागी हुन नपाउने नियम रहेको छ ।

यसअघि भएको जिल्ला लिगको उपाधि न्यु डाँफे युथ क्लबले जितको थियो भने हटिया स्पोर्टस एकेडेमी उपविजेता बनेको थियो। कोरोना संक्रमणको कारण २०७६ सालपछी जिल्ला लिग हुन सकेको थिएन ।

स्वास्थ्य क्षेत्रको विकृति हटाउनेछु:थापा

मकवानपुर । बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले स्वास्थ्य क्षेत्रको विकृति र बिसङ्गती हटाउने गरि काम गर्ने बताएका छन् ।

स्वास्थ्य क्षेत्रमा कर्मिकमजोरीका कुराहरु सुनिने गरेको भन्दै मन्त्री थापाले यसको न्यूनीकरणका लागि सदैव तत्पर रहने बताए । भक्तपुर को सुर्यविनायक नगरपालिका ९ नखेलस्थित नन्दिकेशर महादेव मन्दिरमा भैरहेको श्रावणी मेलामा उनले यस्तो बताएका हुन् ।मन्त्री थापाले स्वास्थ्य सेवाबाट कोहि पनि वन्चित हुन नहुने बताए । जनताको काम गर्न मन्त्री पदमा रहेको भन्दै उनले लोभ लालचमा आफू नफस्ने समेत स्पष्ट पारे ।आफूले मन्त्रीको पदभार ग्रहण गरेकै दिन क्यान्सरका विरामीहरूलाई १ लाख सहयोग उपलब्ध गराउने निर्णय गरेको समेत उनले जानकारी दिए । 'विगतमा प्रदेश सरकारले विपन्न परिवारका क्यान्सर पीडितलाई ५० हजार सहयोग गर्ने गरेको थियो । अबदेखि एक लाख दिने निर्णय भएको छ' मन्त्री थापाले भने । भक्तपुरमा धेरै धार्मिक स्थल भएकोले यसको प्रवर्द्धनमा प्रदेश सरकार लाग्ने उनले बताए ।

सबै धार्मिक स्थलमा दर्शनका लागि सहज पहुँचका लागि प्रदेश सरकारसँग समन्वय गर्ने जानकारी दिए ।प्रदेश सभा सदस्य निर्वाचित भएपछि नै स्वास्थ्य, शिक्षा, पुर्वाधारसङ्गै धार्मिक पर्यटन प्रवर्द्धन एवम् अन्य विकासनिर्माणमा आफूले सहजीकरण गरिरहेको उनले बताए ।

वडा ७ बालमैत्री घोषणा हुँदै

○सहीखबर संवाददाता

मकवानपुर । हेटौडा उपमहानगरपालिकाको वडा नं ७ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुने भएको छ ।

पर्सि १ भदौमा औपचारिक रूपमा वडालाई बालमैत्री घोषणा गरिने तयारी गरिएको छ । 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मुल नाराको साथ बालमैत्री नगर वडा घोषणाको चरणमा रहेकोले वडालाई बालमैत्री वडा घोषणा गर्न लागिएको हेटौडा-७ का वडाध्यक्ष दामोदर गौतमले जानकारी दिए ।

बालमैत्री वडा घोषणाको लागि वडाध्यक्ष गौतमको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ । उक्त समितिले घोषणाका लागि आवश्यक सम्पूर्ण तयारी पूरा गरेको बताइएको छ । गौतमका अनुसार, बालमैत्री स्थानीय शासन वडा घोषणा गर्नका लागि पूरा गर्नुपर्ने ५१ वटा सुचकमध्ये ४६ वटा सुचकहरु पूर्ण रुपमा, १ वटा सुचक ९८ प्रतिशत, १ वटा सुचक ८५ प्रतिशत, १ वटा सुचक ९५ प्रतिशत, १ वटा सुचक ९९ प्रतिशत र १ वटा सुचक ९९ दशमलब ७३ प्रतिशत हासिल गरेको छ ।

वडामा १८ वर्षमुनिका १,८९८ बालबालिका रहेका छन । १० वटा बाल समूह र एक वडास्तरीय बाल सञ्जाल गठन गरिएको छ । जसमा २५० जना बालबालिका आबद्ध छन्।

विभिन्न संरचनागत समितिहरूमा समेत २६२ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको छ । वडाले बालबालिकाको विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । दुई विद्यालयमा बाल विकास केन्द्र सञ्चालनमा छन् भने विद्यालयहरूमा छात्र-छात्राका लागि अलग-अलग शौचालय, सेनेटरी प्याड वितरण, र खेलकुद सामग्री वितरण गरिएको छ।

वडाध्यक्ष गौतमले बालबालिका भविष्यका कर्णधार मात्र नभई वर्तमानका साझेदारको रूपमा विकास गर्न प्रयत्नशील रहेको बताए। उनले बालमैत्री वडा घोषणापछि पनि यसको दिगोपनाका लागि निरन्तर काम गर्ने प्रतिबद्धता जनाएका छन्।

बालमैत्री वडा घोषणा कार्यक्रम हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले गर्ने गौतमले जानकारी दिए । उक्त दिन स्थानीय सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थीहरु, विभिन्न टोलविकास संस्थाका सदस्यहरु, विभिन्न संघ-संस्थाको प्रतिनिधिहरुको सहभागितामा वडा कार्यालयको प्राङ्गणनबाट प्रभातफेरी सहित वडा परिक्रमा गरिने र त्यसपछि औपचारिक कार्यक्रम हुने बताइएको बताए ।

हेटौडाको ७ नम्बर वडा नगरको तेस्रो बालमैत्री स्थानीय शासनयुक्त वडा हुनेछ । यसअघि हेटौंडाको ८ र २ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भइसकेका छन् ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं,
वातावरण स्वच्छ र हराभरा राखौ । पानीको
मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक

मनहरी गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

मनहरी गाउँपालिका

गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

सुर्तीजन्य पदार्थका तत्कालिन असर सुर्तीजन्य पदार्थको सेवनले

- ☞ झुम्म पार्ने,
- ☞ मस्तिष्क सुस्त हुने,
- ☞ रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल) को मात्रा बढ्ने,
- ☞ आँखा,घाँटी र मुखमा अप्ठ्यारो महसुश हुने,
- ☞ हात काम्ने,
- ☞ पेटमा अम्लको मात्रा बढ्ने,
- ☞ छालाको तापक्रम घट्ने,
- ☞ मुटुको धड्कन बढ्ने

जस्ता तत्कालिन असरहरु देखिन सक्ने भएकोले सूर्तीजन्य पदार्थको सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड